साप्ताहिक

# विमर्श

• वर्ष ३५ • अंक ६ • २०६२ साउन २७-भदौ २ • शुक्रवार • Aug. 12-18 2005 • मूल्य रु. ८/- • पूर्ण

## 'आमाको छातीमा छुरी रोप्ने काम'

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीले संयुक्त राष्ट्र संघीय मानवअधिकार अनुगमन उच्च आयोगलाई नेपालमा भित्र्याएर नेपाली मानवअधिकारीहरुले 'आमाको छातीमा छुरी रोप्ने काम गरेको' आरोप लगाउनुभएको छ । विमर्शको 'प्रेम र जीवन' स्तम्भमा कुराकानी गर्दै खत्रीले भन्नुभएको छ- 'राजाबाट मलाई पुनः आयोगको जिम्मेवारी सुम्पिबक्सेपछि काम ठीकै चलिरहेको थियो । तर, युएन मिसन आएपछि सब गडबड भइरहेको छ । अनावश्यक काम धेरै गर्नु परिरहेको छ । तमासा भइरहेको छ ।' 'अहिले मार्टीनजी सक्रिय हुनुहुन्छ । हाम्रै सुबोध प्याकुरेल र सुशील प्याकुरेलले उहाँलाई नेपालमा ल्याए । मलाई यस कुरामा दुःख लागेको छ कि विदेशी संस्थाहरुलाई भित्र्याएर आमाको छातीमा छुरी रोप्ने काम भएको छ ।'-उहाँको गुनासो छ ।